म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्षः१४ अङ्कः- ८४ २०७९ माघ २९ गते आइतबार 12 February 2023, Sunday - पृष्ठ ४ मूल्य रू. ५/-




### निर्माण व्यवसायीको सधारणसभा

## व्यवसायीको बद्मासीले जनप्रतिनिधिलाई सजायः मन्त्री श्रेष्ठ



समाज संवाददाता

हेटौंडाः निर्माण व्यवसायी संघ मकवानपुरको वार्षिक साधारणसभा तथा अधिवेशन शनिबारबाट सुरु भएको छ । आज आइतबार नयाँ नेतृत्व चयन गरेर सम्पन्न हुने अधिवेशनको उद्घाटन समारोहलाई सम्बोधन गर्नुहुँदै बागमती प्रदेश सरकारको श्रम, रोजगार तथा यातायात मन्त्री एकालाल श्रेष्ठले निर्माण व्यवसायीले जिम्मा लिएको काम समयमै पूरा नगर्दा जनप्रतिनिधिले सजाय भोग्न बाध्य भएको बताउनुभयो ।

व्यवसायीले निर्माण कार्य समयमै पूरा नगर्दा जनताले जनप्रतिनिधिलाई गाली गर्ने गरेको उल्लेख गर्नुहुँदै मन्त्री श्रेष्ठले भन्नुभयो, "निर्माण व्यवसायीको भूमिका राम्रो भए चाँडै मुलुकको विकास र समृद्धि सम्भव हुन्छ । ठेकेदारले काम गर्दैनन् भन्ने अवस्थाको अन्त्य गर्नुपर्छ ।" काठमाडौंबाट प्रदेशको राजधानी हेटौंडा आउने बाटोको दूरावस्था रहेको बताउनुहुँदै मन्त्री श्रेष्ठले अब सरकारले कठोर कदम चाल्नुपर्ने अवस्था सृजना भएको स्पष्ट पार्नुभयो । गैरजिम्मेवार व्यवसायीप्रति कठोर हुनु सरकारको रहर नभई बाध्यता भएको पनि उहाँको भनाइ थियो । व्यवसायी जनता र राज्य दुवैतर्फ उत्तरदायी हुनुपर्ने सुझाव मन्त्री श्रेष्ठको थियो ।

उद्घाटन समारोहलाई सम्बोधन गर्नुहुँदै निर्माण व्यवसायी महासंघका वरिष्ठ उपाध्यक्ष आङ दोर्जी शेर्पाले निर्माण व्यवसायीको आफ्नै कमजोरीले ९० प्रतिशत व्यवसायी टाट पल्टिने अवस्थामा पुगेको बताउनुभयो । व्यवसायीले ठेक्काको विस्तृत विवरण नबुझी ठेक्का सम्झौता गर्ने, समयमै काम पूरा गर्न ध्यान नदिने अवस्थाकै कारण व्यवसायी समस्यामा परेको उहाँको भनाइ थियो । कर्मचारीको भर परेर व्यवसायी समस्यामा पर्ने गरेको अवस्था आएको बताउनुहुँदै शेर्पाले भन्नुभयो, "हामी व्यवसायीले वार्षिकरुपमा तालिम लिनुपर्छ । विद्यमान कानुन, विधि, प्रविधिका बारेमा पनि बुझ्न जरुरी छ ।" बढीमा ५ वटा ठेक्का लिएर काम गर्नुपर्ने व्यवस्थाले व्यवसायीलाई ठूलो राहत मिलेको शेर्पाले बताउनुभयो । ठेक्का सम्झौताको अवधिमा रहेको कच्चा पदार्थको मूल्य बढ्दा सरकारले त्यो मूल्य व्यहोरिदिनुपर्ने पनि शेर्पाको दावी थियो ।

साधारणसभाको उद्घाटन समारोहमा हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीना कुमारी लामासहित मकवानपुरका विभिन्न पालिकाका प्रमुख तथा उपप्रमुखको पनि आतिथ्य रहेको थियो । साधारणसभाको अवसरमा व्यवसायी, पत्रकारलाई सम्मान समेत गरेको थियो ।

## सकियो हेटौंडा कला-साहित्य महोत्सव



समाज संवाददाता

हेटौंडाः तेस्रो हेटौंडा कला-साहित्य महोत्सव सकिएको छ । शुक्रबार र शनिबार दुईदिन हेटौंडा-४ स्थित नवोदय शिशु सदन मावि परिसरमा महोत्सवको आयोजना गरिएको थियो । महोत्सवमा विशेषगरी विद्यालयको शैक्षिक क्रियाकलापलाई प्रभावकारी बनाउने विषयमा कार्यशाला तथा अन्तरक्रियाको आयोजना गरिएको थियो ।

महोत्सवमा भव्य मञ्चमा विद्यार्थीले गायन, नृत्य, चित्रकला प्रस्तुत गरेका थिए । विद्यार्थीको कलालाई अभिभावक, सरोकारवाला व्यक्तिले अवलोकन गरे । महोत्सवमा जिल्लाभित्रकै कला, साहित्य क्षेत्रका व्यक्तित्वले सहजीकरण गर्नुका साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरलका व्यक्तिहरुले पनि सहजीकरण गर्नुभएको थियो । भारतबाट समिना मिश्रा, पाकिस्तानबाट रुमना हुसेनको सहभागिता रहेको थियो भने नाटककार अशेष मल्ल, बाल साहित्यकार अनुराधा, अनन्तप्रसाद वाग्ले, यमन श्रेष्ठको पनि सहभागिता रहेको थियो ।

महोत्सवमा विद्यार्थी, अभिभावकलाई लक्षित गरी पुस्तक विक्री गरिएको थियो । नेपाली तथा विदेशी पुस्तक विक्रीमा सहुलियत समेत प्रदान गरिएको थियो । शुक्रबार विद्यार्थी, शिक्षक, अभिभावकका लागि विविध विषयमा कार्यशालाको आयोजना गरिएको थियो भने शनिबार विभिन्न विषयमा सरोकारवालाको सहभागितामा अन्तरक्रिया गरिएको थियो । स्थानीय तह, पत्रकार र साहित्यकारको आँखामा बाल साहित्य विषयमा मकवानपुरको राक्सिराङ गाउँपालिकाका उपाध्यक्ष वनस्थम थिङ, समृद्ध समाज दैनिकका सम्पादक सुरेश श्रेष्ठ र साहित्य संगम मकवानपुरकी अध्यक्ष अनिता न्यौपानेको सहभागितामा अन्तरक्रिया भएको थियो । अन्तरक्रियालाई साहित्यकार छवि अनित्यले सहजीकरण गर्नुभएको थियो ।

अन्तरक्रियामा उपाध्यक्ष थिङले फागुन महिनाभित्रै राक्सिराङमा प्रज्ञा प्रतिष्ठान गठन भई साहित्यिक क्रियाकलाप गरिने जानकारी गराउनुभयो । साहित्यमा स्थानीय सरकारले लगानी गर्नुपर्ने बताउनुहुँदै उहाँले राक्सिराङका विद्यार्थीले हेटौंडा बजार हुँदै काठमाडौंसम्म क्षमता प्रस्तुत गर्ने अवस्था तयार पारिने दावी गर्नुभयो । सम्पादक श्रेष्ठले विद्यार्थीलाई साहित्यप्रति प्रेरित गर्न शिक्षकमार्फत विद्यार्थीका रचना प्रकाशन गर्ने गरिएको बताउनुभयो । शिक्षकहरुको सहजीकरण भए विद्यार्थीको रचनात्मक क्षमतामा सुधार हुँदै जाने श्रेष्ठको भनाइ थियो । संगमकी अध्यक्ष न्यौपानेले पहुँचका आधारमा कार्यक्रम सञ्चालन हुने र त्यस्ता कार्यक्रम प्रभावकारी नहुने बताउनुभयो । अन्तरक्रियामा सहभागी नवसर्जक साहित्य चौतारीका संरक्षक दीपक गौतमले प्रतिष्ठान नै गठन गरेर पालिकाले साहित्यलाई प्रवर्द्धन गर्नुपर्ने सुझाव दिनुभयो ।

### अध्यक्षमा ढकाल र कँडेलको उम्मेद्वारी

## प्रथम उपाध्यक्ष, महासचिव र कोषाध्यक्ष सर्वसम्मत

समाज संवाददाता

हेटौंडाः निर्माण व्यवसायी संघ मकवानपुरको अध्यक्षका लागि निवर्तमान अध्यक्ष श्याम ढकाल र प्रथम उपाध्यक्ष बालगोपाल कँडेलले उम्मेदवारी दर्ता गराउनुभएको छ । शनिबार हेटौंडामा सुरु निर्वाचन प्रक्रियामा ढकाल र कँडेलले उम्मेदवारी दर्ता गराउनुभएको हो । यता प्रथम उपाध्यक्षमा सगर कटुवाल, महासचिवमा राजेन्द्र चौलागाई र कोषाध्यक्षमा अनल श्रेष्ठ सर्वसममत निर्वाचित हुनुभएको छ ।

ढकाल र कँडेल प्यानलै बनाएर निर्वाचनमा होमिएका छन् । प्रथम उपाध्यक्षमा आकाश गोले र नवीन पराजुलीले उम्मेदवारी फिर्ता लिएपछि कटुवाल सर्वसम्मत निर्वाचित हुनुभएको हो । यस्तै महासचिवमा विनोद शर्माले उम्मेदवारी फिर्ता लिनुभएसँगै चौलागाई सर्वसम्मत हुनुभएको हो । कोषाध्यक्षका आकांक्षी वुद्धिराज कँडेल (उज्ज्वल) ले उम्मेदवारी फिर्ता लिनुभएपछि श्रेष्ठ सर्वसम्मत हुनुभएको हो ।

द्वितीय उपाध्यक्ष, तृतीय उपाध्यक्ष, उपमहासचिव नीतिगत र आन्तरिक, सहकोषाध्यक्ष, ८ जना कोषाध्यक्षका लागि आज आइतबार मतदान हुनेछ । ८ जना सदस्यका लागि १४ जनाको आवेदन परेको छ । ढकाल प्यानलमा नेकपा एमाले, नेकपा माओवादी केन्द्र समेत सहभागी छ । कँडेल र ढकाल दुबै नेपाली काँग्रेस सम्वद्ध व्यवसायी हुन् ।

### सम्पादक श्रेष्ठ सम्मानित

हेटौंडाः समृद्ध समाज राष्ट्रिय दैनिकका सम्पादक सुरेश श्रेष्ठ सम्मानित हुनुभएको छ । शनिबारबाट हेटौंडामा सुरु निर्माण व्यवसायी संघ मकवानपुरको २३ औं वार्षिक साधारणसभा तथा ११ औं अधिवेशनमा सम्पादक श्रेष्ठलाई सम्मान गरिएको हो ।

सम्पादक श्रेष्ठसँगै गोरखापत्रका संवाददाता राममणि दाहाल र कान्तिपुर राष्ट्रिय दैनिकका संवाददाता सुवास बिडारीलाई सम्मान गरेको छ । तीनै जनालाई जनही नगद ५ हजार रुपैयाँसहित सम्मान गरिएको हो । पत्रकारिता क्षेत्रमा क्रियाशील भएर सामाजिक लगायत विषयहरुको उठान गरी आर्थिक, सामाजिक तथा निर्माण व्यवसायी क्षेत्रमा सहयोग पुऱ्याएको भन्दै सम्मान गरिएको हो ।






## सम्पादकीय

# शिक्षामा कला-साहित्य

शिक्षा भनेको चेतना हो । असल खराब छुट्याएर सही निर्णय लिने सक्षमतालाई शिक्षा भनिन्छ । शिक्षाले व्यक्तिको व्यवहारलाई अनुकरणीय र आर्दश बनाउँदै मानवता र नैतिकताको प्रस्फुटन गराउन सक्छ । व्यक्तिको इच्छा र चाहनाअनुसारको प्रतिभा विकासमा समेत शिक्षाको महत्वपूर्ण भूमिका रहन्छ । जीवनपर्यन्त आफूले गरेका कार्य र अनुभवबाट शिक्षा आर्जन हुने भए पनि पुस्तकको अध्ययनलाई औपचारिक शिक्षा मान्ने गरिन्छ । कला भनेको सिर्जना हो । मानव निर्मित र सिर्जित कुराहरुलाई हामी कला भन्न सक्छौं । कलात्मक कार्यले जीवन र जगतलाई सौन्दर्यबोध गराउँछ । मानवीय जीवनसँग प्रत्यक्ष सरोकार भएको सामाजिक, सांस्कृतिक सम्बन्ध राख्ने विषय साहित्य हो । यो सामाजको प्रतिविम्ब भएकाले यसलाई समाजको दर्पण पनि भनिन्छ । कलासँग साहित्यको घनिष्ट सम्बन्ध हुन्छ भने यी दुबैको सम्बन्ध शिक्षासँग रहेको छ । कला-साहित्यले समाजको रुपान्तरणमा ठूलो सहयोग पुऱ्याउने गर्दछ । मानव जीवनमा शिक्षाको जत्तिकै कला साहित्यको पनि ठूलो भूमिका रहन्छ ।

अभिभावक, शिक्षक र विद्यार्थीहरुलाई साहित्य र कलाको क्षेत्रमा जोड्ने उद्देश्यले हेटौंडामा बाल कला- साहित्य महोत्सव सम्पन्न भएको छ । नवोदय शिशु सदन, हेटौंडा स्कूल अफ म्यानेजमेन्ट र काठमाडौं पब्लिकेसन्सले शुक्रबार र शनिबार महोत्सव गरेको हो । तेस्रो संस्करणको महोत्सव हेटौंडा-४ स्थित नवोदय शिशु सदनमा भएको हो । महोत्सवको पहिलो दिन शुक्रबार विद्यार्थी, शिक्षक, अभिभावकका लागि विभिन्न विषयमा २० वटा कार्यशाला सञ्चालन गरिएको थियो । हेटौंडा उपमहानगरपालिकाको पनि सहयोग रहेको महोत्सवको पहिलो दिन मकवानपुर जिल्लाका ३२ वटा विद्यालयका विद्यार्थी, शिक्षक, अभिभावकको सहभागिता रहेको थियो । महोत्सवमा छिमेकी जिल्लाहरु चितवन, नवलपुर, बारा, रौतहट र सर्लाहीका विद्यार्थी तथा शिक्षकको पनि सहभागिता थियो । विद्यार्थीमा पठन संस्कृतिको विकास गराई कला-साहित्यको माध्यमबाट शिक्षाको विकासमा महोत्सव उपयोगी हुने आयोजकको विश्वास छ ।

महोत्सवमा विद्यार्थीलक्षित लघुकथा, कविता, गजल, मुक्तक, गीत लेखनसम्बन्धी कार्यशाला गरिएको छ । यस्तै, डिजाइन च्यालेन्ज, पपेटको प्रयोग गरी कथा प्रस्तुति कलासम्बन्धी कार्यशालासमेत भएको छ । अभिभावकलक्षित असल अभिभावकत्वका विषयमा कार्यशाला आयोजना गरिएको थियो भने शिक्षकका लागि कथा लेखन, पुस्तक छनोट र तुलनात्मक विश्लेषण, साहित्यमा प्रविधिको प्रयोगका विषयमा कार्यशाला गरिएको थियो । विद्यार्थी, शिक्षक, अभिभावकलाई लक्षित गरेर आयोजना गरिएको कला-साहित्य महोत्सवले शिक्षण सिकाइमा कला तथा साहित्यको प्रयोगलाई प्रवर्द्धन गर्नेछ । विद्यार्थीमा अन्तरनिहित साहित्यिक प्रतिभा प्रष्फुटनमा महोत्सव उपयोगी हुने विश्वास गर्न सकिन्छ । यसले सहभागी विद्यार्थी, शिक्षक तथा अभिभावकमा आफैं साहित्यको सिर्जना गर्ने र अरुको सिर्जना अध्ययन गर्ने बानिको विकास गराउँछ ।

शैक्षिक भूमिकाको पृष्ठभूमिमा बसेर कला-साहित्यले आफ्नो प्रभाव विस्तार गरिरहेको हुने भएकाले शिक्षण संस्थाहरुले यस्ता कार्यशाला गर्नु सान्दर्भिक हुनेछ । कला-साहित्यले मानिसमा चेतनाको अभिवृद्धि गर्ने र मानव जीवनलाई सुन्दर एवम् सुसंस्कृत बनाउने भएकाले पनि महोत्सवलाई शैक्षिक जागरणको प्रयास मान्नुपर्छ । विभिन्न भाषा, कला, संस्कृति र पहिचान नै हाम्रो समाजको दर्पण हो । शिक्षाले ज्ञान प्रदान गरेजस्तै कला र साहित्यले पनि मानिसलाई विभिन्न प्रकारका ज्ञान दिइरहेको हुन्छ । यसले अझ आफूभित्र रहेको ज्ञानको भण्डारलाई उजागर गराउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने भएकाले यस्ता कार्यक्रमको महत्वलाई सबैले मनन गर्नु आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : स्वास्थ्य कमजोरी र स्वास्थ्यमा समस्या योग छ ।
**वृष** : आँटे ताकेका काममा समय व्यतित होला ।
**मिथुन** : भोग-विलास र आनन्दमा समय खर्च हुने समय छ ।
**कर्कट** : अध्यूयन-अध्यापनमा समय व्यतित हुने समय छ ।
**सिंह** : चिन्ताले मानसिक शान्तिमा बाधा गोय देखिन्छ ।
**कन्या** : अनावश्यक साईनो गाँसी नजिकिनेसँग सजगता ।
**तुला** : स्वास्थ्यमा क्रमशः सुधार प्राप्त हुने समय योग छ ।
**वृश्चिक** : सकभर बोलीलाई नियन्त्रण गर्दा राम्रो होला ।
**धनु** : धन-मान र प्रतिष्ठामा विकार हुने योग छ ।
**मकर** : बाद-विवादको काममा सफिईने समय योग छ ।
**कुम्भ** : गरेका कामहरु सफल हुने समय योग देखिन्छ ।
**मीन** : लेखाई-पढाईका काममा सरिक भईने समय योग छ ।

# सफल विद्यालय



✍प्रेम बहादुर विश्वकर्मा

सफल वा गुणास्तरीय जीवन जिउनका लागि सही विद्या अर्थात् ज्ञान, सीप, क्षमता, संस्कार र धारणा सिकाउने ठाउँ विद्यालय हो । यदि यसले माथि उल्लेखित आयामहरु सिकाउन सक्यो र त्यहाँबाट दीक्षित विद्यार्थीहरुले सफल र सन्तुष्ट जीवन बाँच्न सकेका छन् भने त्यस्ता विद्यालयलाई सफल विद्यालय भन्न सकिन्छ । यदि त्यसो गर्न सकेन भने विद्यालय सफल सावित हुन सक्दैन ।

एउटा समाज र राष्ट्र सफल हुन त्यहाँका विद्यालय सफल हुनुपर्छ । यो असफल र यथास्थितिका कुरा सिकाउने तर काम नसिकाउने, ज्ञान र सीप फलाक्ने तर त्यसको प्रयोग गर्न नसिकाउने, अध्ययन, अनुसन्धान, अन्वेषण र उत्पादनभन्दा पनि रटान सिकाउने, काम, कर्तव्य र अधिकार एवं मूल्यमान्यता व्यवहारमा प्रयोग गर्नुभन्दा पनि जागिर खान र परम्परा धान्नमात्र सिकाउने भएमा त्यो देश या त यथास्थितिमा रहन्छ या असफल हुन्छ । त्यसैले हरेक विद्यालयहरु सफल हुन आवश्यक छ ।

एउटा विद्यालय सफलताका पछाडि धेरै विषय जोडिएका हुन्छन् । विद्यालय एउटा संगठित संस्था हो । यसको आफ्नै दृष्टिकोण तथा गन्तव्य, कार्यप्रणाली, विधि र निर्देशन गर्ने नीतिनियम हुन्छ । यसकै आधारमा रणनीति, योजना र कार्यक्रम तय गरिएको हुन्छ । उद्देश्य पूरा गर्न बनाइएका योजना र कार्यान्वयन गर्न आवश्यकता अनुसार शिक्षक तथा कर्मचारीको व्यवस्थापन गरिन्छ । काममा स्पष्टता ल्याउन र दोहोरोपन घटाउन आ-आफ्नो कार्यविभाजन र कार्यजिम्मेवारीको बाँडफाँड गरिएको हुन्छ । दैनिक रुपमा सुचारु हुने सिकाइ क्रियाकलाप, प्रशासनिक काम आदि यसैबाट निर्देशित हुन्छन् । समग्रमा यी सबै आवश्यकता र सन्दर्भअनुसार परिमार्जित हुँदै विनाबाधा र अड्चन कार्यसम्पादन हुने विद्यालय सफल विद्यालय हो ।

### दृष्टिकोण, गन्तव्य तथा उद्देश्य

हरेक विद्यालय निश्चित नीति, विधि र उद्देश्य लिएर स्थापना भएका हुन्छन् । प्रायः सबै विद्यालयको मूलमन्त्र गुणस्तरीय शिक्षा प्रदान गर्नु हो र यो सफल विद्यालयको सूचक पनि हो । तर हाम्रो समाजमा गुणस्तरीय शिक्षाको मापदण्डको रुपमा तीन/चार घण्टामा लिइने परीक्षाबाट प्राप्त नतिजालाई बुझ्ने बुझाउने गरिएको छ । अर्थात् सरकारले मान्यता दिएको परीक्षामा पहिले बढी अंक र अहिले अक्षरांक वा ए प्लस ल्याउने विद्यालय बढी सफल भनेर चिनिने र चिनाउने चलन छ । यो त केवल सिकाइ उपलब्धि हो अर्थात् सफल विद्यालयको पहिलो खुट्किलो हो । सफल विद्यालय हुनु सहयात्राको समापन होइन बरु यो त अनवरत विद्यालय समूहको सहयात्रा हो ।

एउटा विद्यालय सफल विद्यालय हुनको लागि दूरदृष्टि, गन्तव्य र उद्देश्य स्पष्ट हुन जति जरुरी छ त्यतिकै विद्यालयको नेतृत्व लगायत यसका सरोकारवाला सबैलाई यसबारे जानकारी हुन आवश्यक छ । सरोकारवालाले स्वामित्व लिन सक्नेगरी यसलाई आवश्यकता अनुसार परिमार्जन गर्नु जरुरी हुन्छ । यसले कार्यरत शिक्षक, कर्मचारी, विद्यार्थी, अभिभावक तथा यससँग सरोकार राख्ने समुदाय सबैलाई उद्देश्यप्रति गोलबन्द हुन सहयोग पुऱ्याउँछ । होइन भने एकातिर सफलताको यात्रामा सहयात्री जतिखेर जहाँ पनि छुट्न सक्छ, अर्कोतिर एक्लै यात्रा गर्दा त्यसको उद्देश्य र अर्थ पनि पूरा हुँदैन । यसको अन्त्य जुनसुकै बेला पनि हुनसक्छ अर्थात् यसको बाटो बदलिन सक्छ ।

सफल बन्ने सपना सबै विद्यालयको हुन्छ, तर स्पष्ट अल्पकालीन र दीर्घकालीन दृष्टिकोण, गन्तव्य र दृढ इच्छाशक्ति भएका विद्यालय मात्र त्यो सहयात्रामा लागिरहन सक्छन् ।

### नीति, रणनीति, योजना, कार्यक्रमहरू तथा सूचकहरू

सफल विद्यालयको समग्र नीति हुन्छ । नीति उद्देश्यसँग अक्षुण हुन्छ । आवश्यकता अनुसार नीतिनिर्माण पनि गरिन्छ । यो नीतिनिर्माण प्रक्रिया पूर्णतया लोकतान्त्रिक हुन्छ । यसलाई पूरा गर्नका लागि रणनीति र कार्यान्वयनको योजना बनाइन्छ । अल्पकालीन र दीर्घकालीन योजना निर्माण गर्दा सम्पादनका सूचक पनि निर्माण गरिन्छ । यस्ता प्रक्रियालाई अगाडि बढाउँदा सहभागिता र विविधतालाई गुणस्तरियतासँग जोड्नुपर्छ । विविधतालाई सम्बोधन गर्न समावेशिता, समानता र समताको ख्याल गरिन्छ ।

आवश्यकता र सान्दर्भिकताका आधारमा सबै प्रक्रियामा अभिभावक, शिक्षक, कर्मचारी, विद्यार्थी र सरोकारवालाको सक्रिय सहभागिता गराउनुपर्छ । यसले सरोकारवालाको चासो, जिम्मेवारी र जवाफदेहितामा वृद्धि हुन्छ । योजना बनाउँदा कार्यक्रमहरुलाई रणनीतिले प्राथमिकीकरण गर्छ । सूचकहरुको निर्माणले स्वःअनुगमन र मूल्यांकन गर्न सिकाउँछ । यसले कुनै पनि योजना पूर्ण रुपमा बिग्रनुभन्दा पहिले नै सच्याउने र पुनरावलोकन गर्ने अवसर प्रदान गर्छ ।

### भौतिक अवस्था, सुविधा तथा वातावरण

वास्तवमा विद्यालय भनेको भौतिक संरचनाको थुप्रो मात्र नभई त्यसमा चलेको भौतिक, मानवीय तथा सिकाइ प्रक्रियाको जीवन्त चक्र हो । विद्यालयमा आवश्यकता अनुसार भवन, इन्टरनेटसहितको श्रव्यदृश्य कक्षाकोठा, सेतोपाटी, हरियोपाटी, बस्ने व्यवस्था, मार्कर लगायत पुस्तकालय, विज्ञान प्रयोगशाला, कम्प्युटर प्रयोगशाला, बगैंचा, खेल मैदान, खाजाघर, उपचारकक्ष, मनोसामाजिक परामर्शकक्ष, कार्यक्रम सभाहल, पौडी खेल्ने ठाउँ, शौचालय, खानेपानी, चमेनागृह आदि उपलब्ध हुनु आवश्यक हुन्छ । साधन स्रोत आफैंमा अर्थपूर्ण हुन्छ । अझ बढी महत्वपूर्ण हुन्छ उपलब्ध साधनस्रोतको अधिकतम् प्रयोग, यसलाई सिकाइसँग जोड्ने वातावरण, नीति निर्माण तथा कार्यान्वयनको प्रणाली पनि । यसले कुनै विद्यालय सफल हुने बाटोमा हिंडिरहेको छ कि छैन भन्ने संकेत गर्छ ।

कुनैपनि विद्यालयको भौतिक सुविधा महत्वपूर्ण हुन्छ । विद्यालय भवन, खेल मैदान, उद्यान, पुस्तकालय, प्रयोगशाला, खेल सामग्री, शौचालय, उपचार कक्ष आदिले विद्यार्थीको विकास र अनुशासन व्यवस्थापनमा ठूलो अर्थ राख्दछ । सिकाइ प्रक्रियामा भौतिक सुविधाको समुचित प्रयोग थप महत्वपूर्ण विषय हो । यसलाई विद्यालयमा सिकाइको वातावरण भनिन्छ । उपलब्ध संरचनामा सुनिश्चित सिकाइको वातावरण विद्यालयको जीवन हो । जसरी श्वासविनाको शरीर मृत हुन्छ, त्यसरी नै सिकाइ वातावरण विनाको भौतिक संरचनाले विद्यालय मृत हुन्छ । विद्यार्थीले सुरक्षित, प्राकृतिक, शान्त, मनोरम वातावरणमा अधिकाधिक सिक्ने अवसर सिर्जना गरिनुपर्छ । शिक्षकले उपलब्ध सामग्री केका लागि र कसरी प्रयोग गर्छन् र गर्न दिन्छन् भन्ने कुराले सिकाइ वातावरण सिर्जना गर्छ । त्यसले सिकाइमा प्रभाव पार्छ र सिकाइले सिकाइ उपलब्धिमा ।

### आर्थिक अवस्था

विद्यालय सफल र सक्षम हुनको लागि विद्यालयको आर्थिक पक्ष पनि बलियो हुन त्यत्तिकै जरुरी छ । विद्यालयको भौतिक सुविधाअन्तर्गत भवन, खेल मैदान, पुस्तकालय लगायत व्यवस्थापन गर्नुको साथै सिकाइ सामग्री, शिक्षक तलबभत्ता, तालिम, वृत्ति विकासको अवसर, अध्ययन तथा अनुसन्धान आदिका लागि आर्थिक समृद्धिले उल्लेखनीय प्रभाव पार्दछ । आवश्यकताअनुसार अध्ययन भ्रमण, अन्तरविद्यालय कार्यक्रम, कार्यशाला, गोष्ठी, सामाजिक उत्तरदायित्व निभाउने अतिरिक्त कार्यक्रमहरु गर्न पनि आर्थिक स्रोतको आवश्यकता पर्छ भूमिका खेल्छ ।

बजेटलाई प्रथामिकीकरण गरी शीर्षकअनुसार व्यवस्थापन गर्न सक्ने नेतृव क्षमताले विद्यालयको प्रगति निर्धारण गर्छ । विद्यालयले अनुसन्धान, अध्ययन र पाठ्यक्रम विकास कम खर्च गरेको देखिन्छ । अरुले बनाएको तयारी पाठ्यक्रम, पाठ्यपुस्तक, विधि, तरिका र उपायहरु पस्कने हैसियतमा बस्ने विद्यालय नवप्रवर्धनमुखी बाटोमा अगाडि बढ्न सक्दैनन् । यसले अधिकांशतः यथास्थितिको बाटो आगाल्छ ।

### शिक्षण विधि र सिकाइ प्रक्रिया

विद्यार्थीलाई ज्ञान थोपर्ने भन्दा खोज्न प्रेरित गर्नुपर्छ । यसलाई विद्यालयले अपनाउने विधि र तरिकाले निर्धारण गर्छ । शिक्षकले त्यसको योजना बनाउँदै लागु गर्छ । आवश्यकता अनुसार यसलाई परिमार्जन, पुनरावलोकन र परिवर्तन गर्नुपर्छ । देश, काल र परिस्थिति अनुरुप र पाठ्यक्रमले निर्धारण गरे अनुसारको विषयवस्तुलाई तोकिएको विधिबाट सिकाइ सहजीकरण गर्नुपर्छ ।

सिकाइ प्रक्रिया लोकतान्त्रिक, न्यायोचित र बालकेन्द्रित भयो भने मात्र यहाँबाट दीक्षित विद्यार्थीहरु योग्य, सीपयुक्त, अन्वेषक, सदाचारी, बफादार र जिम्मेवार नागरिक हुनसक्दछन् । विद्यार्थीलाई कक्षामा सिकाउनुपूर्व उद्देश्य र सामग्री निर्माणमा पनि सहभागी बनाउन सकियो भने उनीहरुले धेरै सीप सिक्न सक्छन् ।

सिकाउने विधिमा विद्यार्थीको तन र मन दुवै तरिकाले सहभागी गर्नुपर्छ । ज्ञान खोज्ने, त्यसलाई व्याख्या विश्लेषण गर्ने, त्यसकै आधारमा सिर्जना गर्ने, सूचकहरुको प्रयोग गर्दै स्वमूल्यांकन गर्ने अवसर दिइयो भने उनीहरुले आवश्यक पर्ने सबैखाले सीप प्राप्त गर्न पाउँछन् ।

विद्यालयले जागिर पाउने सीपलाई मात्र कक्षाकोठाको सिकाइमा समावेश गरेको र बढावा दिएको देख्न सकिन्छ । एक अर्कासाग समूहमा मिलेर काम गर्ने, अरुको विचारको कदर गर्ने, प्रविधिको प्रयोग गर्ने, सहकार्यलाई बढावा दिने, समन्वय गर्ने, परेको बेला सहयोग गर्ने, आफ्ना समस्यालाई पहिचान गरी समयमै समाधान गर्न सक्ने, अप्ठेरो परेको ठाउँमा नेतृत्व लिन सक्ने र आफूले गरेका हरेक कामलाई संसारको प्रणालीसँग दाँजेर हेर्न सक्ने जस्ता सीप सिकाइमा जोड दिन जरुरी छ । यो कुरा कापीमा लेखेको आधारमा मापन गर्न सकिंदैन । यसलाई अवलोकन गरेर मात्र यकिन गर्न सकिन्छ । त्यसैको लागि नै पाठ्यक्रमले आन्तरिक मूल्यांकनको व्यवस्था गरेको छ ।

यदि यो सफल भयो भने यसका शिक्षार्थीहरु पनि सफल हुन्छन् । उनीहरुको जीवन सफल र गुणस्तरीय हुन्छ । उनीहरु सुखी र खुसी दुवै हुन्छन् । त्यसपछि मात्र सफल समाज र सफल देशको परिकल्पना गर्न सकिन्छ ।

### नेतृत्वशैली तथा प्रशासनिक प्रणाली

शैक्षिक प्रशासनमा नेतृत्वशैली मिश्रित प्रकारको हुन्छ । विद्यालयको उद्देश्य र साझा गन्तव्य निर्धारण लोकतान्त्रिक प्रणालीबाट हुनुपर्छ । निर्णय प्रक्रिया सामूहिक हुनुपर्छ । कार्यान्वयन र सूचना प्रवाहका लागि बहुल नेतृत्व प्रणाली अपनाइएको हुन्छ ।

एउटा प्रधानाध्यापकको नियन्त्रणमा मात्र विद्यालय चलेको हुँदैन, धेरै नेतृत्वबाट यो संचालित हुन्छ । विभिन्न सहायक प्रधानाध्यापक, संयोजक, विभागीय प्रमुख, कक्षा शिक्षक आदिमा अधिकारसहितको नेतृत्व विभाजन गरिएको हुन्छ । आफ्नो काम, कर्तव्य र अधिकारप्रति सबै स्पष्ट, जिम्मेवार र जवाफदेही हुनुपर्छ । सबैलाई समान रुपमा नीतिले परिचालन गरेको हुन्छ ।

सानो सानो एकाइ वा समूहमा विभाजित कर्मचारीहरूको नियमित भेटघाट, छलफल, बैठक हुन्छ । यसले आइपर्ने चुनौतीको सामना गर्ने, समाधानको खोजी गर्ने, भैरहेको कामको अभिलेखीकरण र निर्देशनको सम्प्रेषण गर्ने गर्छ । कामहरु योजनाअनुसार हुन्छन् । सबैकुरा पारदर्शी हुन्छन् । गरिएका हरेक कामको लेखाजोखा र अभिलेख र ाखिएको हुन्छ । काम गर्ने सबै शिक्षक तथा कर्मचारीको कार्यसम्पादन मूल्यांकन गरिन्छ । यसकै आधारमा पुरस्कार र दण्डको व्यवस्था पनि गरिएको हुन्छ । महत्वपूर्ण कुरा यसमा कसैले कसैलाई आरोप र प्रत्यारोपभन्दा पनि गल्तीको जिम्मेवारी लिई सुधार्ने व्यवहार देखाउँछन् ।

### शिक्षकको अवस्था र पेशागत विकास

उपलब्ध साधन स्रोत, प्रविधि र विधिको प्रयोग गर्दै सिकाइलाई जीवन्त, उपयोगी, दिगो र उत्प्रेरक बनाउनमा सबैभन्दा ठूलो भूमिका शिक्षक कै हुन्छ । यसमा शिक्षकको ज्ञान, सीप, क्षमताले काम गर्छ नै तर त्योभन्दा पनि उल्लेखनीय कुरा उनीहरुको सिकारुप्रतिको जिम्मेवारीबोध र इच्छाशक्तिले बढी काम गर्छ ।

हामी शिक्षकले विद्यार्थीलाई विद्यालयबाट नै लोकतान्त्रिक प्रणालीमा अभ्यस्त बनायौं भने उनीहरुले लोकतन्त्र भनेको उत्पादित नतिजा नभई प्रक्रिया हो भन्ने कुरा बुझ्नेछन् । त्यसैगरी नम्रता, शिष्टता, विनयशीलता, संस्कार र शान्तिपूर्ण व्यवहार उनीहरुलाई देखाउन सकियो भने उनीहरु पनि त्यस्तै गरी बोल्न र व्यवहार गर्न सिक्नेछन् ।

शिक्षकले कस्तो भाषाको प्रयोग गर्छन्, कति संस्कारी व्यवहार गर्छन्, आफ्नो पेशा र कामप्रति कति लगाव राख्छन् ? विद्यार्थी र उनीहरुको जीवनप्रति कति जिम्मेवार, जवाफदेही र समर्पित छन् भन्ने विषयले सिकाइलाई दिगो, उपयोगी र उत्पादनशील बनाउन सहयोग गर्छ । समग्रमा उनीहरुको सिको गर्दै विद्यार्थीले नम्रता, शिष्टता, इमान्दारिता, लगनशीलता, सिर्जनशीलता आदि पनि थाहै नपाई सिक्छन् ।

संसार गतिशील छ र हाम्रो जीवन पनि त्यत्तिकै परिवर्तनशील छ । यो परिवर्तन भएको ज्ञान र सीपलाई विद्यार्थीमाझ पुऱ्याउनका लागि शिक्षक अध्यावधिक हुन आवश्यक छ । अध्यावधिक हुँदा भैरहेको ज्ञानलाई थपथाप गर्नुपर्ने हुन्छ भने कतिपय अवस्थामा उच्च शिक्षामा पेशागत तालिम, गोष्ठी, सेमिनार आदिमा पनि सहभागी हुनुपर्ने हुन्छ । यसका साथै आफ्नो पेशामा भएको समस्याहरुको बारेमा अध्ययन, अनुसन्धान, छलफल गर्नुका साथै बैठक र अन्तरक्रिया आयोजना गर्नुपर्ने हुन्छ ।

एक शिक्षकले अर्को शिक्षकको कक्षा अवलोकन गरी सकारात्मक पृष्ठपोषण दिने आदिले पनि सिकाइ प्रक्रियामा सुधार ल्याउँछ । पेशाप्रति अभिप्रेरित र पेशागत शिक्षक साधैंभरि अध्यावधिक भइरहन्छ । विद्यार्थी र आफ्नो पेशालाई हरपल माया गर्छ । आफू त्यो पेशामा हुनुको गौरव गरिरहन्छ ।

### विद्यार्थीको अवस्था र सहभागिता

विद्यार्थी उत्सुक, जागरुक, सक्रिय र कर्मशील हुनु जरुरी छ । हरेक शिक्षकले यस्तै गुण भएका विद्यार्थीको अपेक्षा गर्छन् तर सबै स्वभाव र प्रकृतिले खोजेजस्तै नहुन सक्छन् । उनीहरु जन्मजात र परिवारबाट प्राप्त गुण र दोष बोकेर विद्यालय आउने हुन् । कोही खुला हुन्छन् त कोही अन्तर्मुखी । कुनै अत्यन्त सिर्जनशील हुन्छन् भने कुनै ढिलो सिक्ने र बुझ्ने हुन्छन् । कुनै हँसिलो हुन्छन् त कुनै दुःखी, कुनै जे भन्दा वा गर्दा पनि फरक नपर्ने हुन्छन् भने कुनै इखालु । कसैले हेरेर सिक्छन् भने कसैले सुनेर । कसैले आफैं नगरी सिक्दैनन् भने कसैले पढेर सिक्छन् । यस्तै यस्तै आठ प्रकारका सिकारु भनेर गार्डनरले व्याख्या गरेको कुरा हामी शिक्षा क्षेत्रमा काम गर्नेका लागि कुनै नयाँ कुरा होइन ।

सिकारुहरु जुनसुकै गुण बोकेर आए पनि सिकाइ प्रक्रियामा सक्रिय, प्रेरित र लगनशील भई सिक्नुपर्दछ । अन्यथा कोही दिक्क मानेर विद्यालय छोड्नेसम्मको निर्णय गर्न पुग्छन् भने कोही कुलत र दुर्व्यसनीमा फस्ने सम्भावना पनि उत्तिकै हुन्छ । कुनैले आफ्ना नजिकका ठूला मान्छेहरुको अभिलाषालाई आफूले पूरा गर्न सकिंदैन भन्ने डरले जीवनत्याग गर्ने गरेको पनि भेटिन्छ । तर यदि उनीहरुलाई सिकाइ प्रक्रियाको सुरुको योजनादेखि अन्तिम मूल्यांकनसम्म सहभागी बनाउन सकियो भने बढी जिम्मेवार, परिवर्तनको नेतृत्वकर्ता, अन्वेषक र उत्सुक हुनुका साथै स्वअनुगमन र स्वःमूल्यांकन पनि सिक्छन् ।

...बाँकी पृष्ठ ३ मा

# खानेपानी योजना बोर्डलाई हस्तान्तरण



*खानेपानी योजना हस्तान्तरणको प्रक्रियाअन्तर्गत न्यूरेनी खानेपानी उपभोक्ता समूहको विवरण पत्र हस्तान्तरण गरिँदै ।*

समाज संवाददाता

हेटौंडाः स्थानीय उपभोक्ता समितिमार्फत खानेपानी व्यवस्थापन गर्दै आएको हेटौंडा-१० स्थित न्यूरेनी खानेपानी उपभोक्ता समिति हेटौंडा खानेपानी व्यवस्थापन बोर्डलाई हस्तान्तरण गरिएको छ । शनिबार वडा अध्यक्ष फुर्वा दोर्जे लामासहित वडा सदस्यहरुको उपस्थितिमा हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीना कुमारी लामाले हेटौंडा खानेपानी व्यवस्थापन बोर्डका अध्यक्ष प्रताप विष्टलाई खानेपानी योजना हस्तान्तरण गरिएको हो ।

२०६७ सालदेखि उपभोक्ता समितिमार्फत खानेपानी उपलब्ध गराउँदै आएको उपभोक्ता समितिमा ३ सय भन्दा बढी घरधुरी सदस्य छन् । हेटौंडा उपमहानगरपालिकाले हेटौंडा खानेपानी बोर्डमार्फत मासिक १० हजार लिटर खानेपानी निशूल्क वितरण गर्दै आएकाले बोर्डमा हस्तान्तरण हुँदा उपभोक्तालाई लाभ हुने अपेक्षासहित हस्तान्तरण गरिएको वडा सदस्य साधना श्रेष्ठले जानकारी दिनुभयो ।

# सफल...

विद्यार्थीलाई जिज्ञासु, अध्ययनशील र जिम्मेवार बनाउनका लागि विद्यालयले तदनुरुपकै शान्त, सुन्दर, साधन स्रोत सम्पन्न र प्राकृतिक वातावरण बनाउन आवश्यक छ। यस्तो वातावरणमा सिकारुहरुले सिक्न पाउने अवसर सबैभन्दा ठूलो विषय हो । कक्षाकोठामा सञ्चालन भएका सिकाइ क्रियाकलापमा बोल्ने, सुन्ने, लेख्ने, खोज्ने, साथीसँग मिलेर काम गर्ने, एकअर्कामा समन्वय गर्ने, एकले अर्काको विचारको सम्मान गर्ने, शान्ति र सहिष्णुता कायम गर्ने, शिष्ट व्यवहार गर्ने, परेका समस्या र चुनौतीहरुलाई सामना र समाधान गर्ने, व्याख्या विश्लेषण र रचना गर्ने जस्ता सोचाइ सीपहरु शिक्षकको योजनामा हुनुपर्छ। उनीहरुलाई प्रत्येक क्रियाकलापमा कस्तो र कति भूमिका दिने भन्ने निर्णयले उनीहरुको सहभागिता, समर्पण तथा सिकाइ उपलब्धिमा उल्लेखनीय प्रभाव पार्छ ।

### अभिभावकको सहभागिता र सक्रियता

अभिभावक विद्यालयका विद्यार्थीका स्रोत, सचेतक र शुभचिन्तक हुन्। उनीहरु विद्यालयका अभिन्न अङ्ग हुन् । उनीहरु विद्यालयले निकालेको नतिजाको दोस्रो उपभोक्ता पनि हुन् । उनीहरु कहिले पनि विद्यालय बिग्रोस्, नराम्रो होस् भन्ने चाँहदैनन्। विद्यालयमा आउने विद्यार्थी अभिभावककै जीवनशैलीबाट प्रभावित हुने भएकोले उनीहरुकै शारीरिक र मानसिक प्रतिबिम्ब हुन् । विद्यार्थीका बारेमा शिक्षकले गहन ढंगले बुझ्न सक्दा उनीहरुलाई सिकाउनमा सहजता हुन्छ। उनीहरुको बुझाइ, सहभागिता, चासो, ज्ञान आदिले विद्यालयको विकासमा धेरै अर्थ राख्छ । जति धेरै उनीहरुको सहभागिता, सल्लाह, सहयोग विद्यालयलाई प्राप्त हुन्छ त्यति नै विद्यालयले गति लिने कुरामा शंका छैन ।

### अन्य विद्यालय र समुदायसँगको सम्बन्ध

विद्यालय समुदायमा एक्लै हुँदैन र साधैंभरि आफैले मात्र पनि राम्रो गरिरहन सक्दैन । एकअर्कामा भए गरेका असल अभ्यासको बारेमा लेनदेन गर्नुपर्छ । परिआएका साझा समस्याको पहिचान र समाधानको खोजीका लागि सामूहिक छलफल, विमर्श, अन्तरक्रिया आदिको आयोजना गर्नुपर्छ । मिलेर सामुदायिक उत्तरदायित्वलाई पूरा गर्ने परिपाटी र अभ्यास गर्नुपर्छ । समुदायमा विभिन्न पेशामा काम गर्ने मानिस हुनुका साथै शिक्षण र व्यवस्थापन क्षेत्रमा काम गरी निवृत जीवन बिताइरहेका मानिस हुन्छन् । उनीहरुलाई पनि दीर्घकालीन नीति, लक्ष्य आदि बनाउँदा समावेश गर्न सकियो भने एकातिर उनीहरुले सम्मानित भएको महसुस गर्छन् भने अर्कातिर उनीहरूको विशिष्ट ज्ञानको प्रयोग विद्यालयको विकासमा गर्न सकिन्छ ।

### सफल विद्यालयका चुनौतीहरू

कुनै पनि शिक्षालय चुनौतीरहित हुँदैनन् । कसैलाई भौतिक सुविधा, आर्थिक अवस्था, नीति, नेतृत्व र कार्यान्वयनको चुनौती हुन्छन् भने कसैलाई अनुगमन र मूल्यांकनको । कतिपयलाई समुदायको पनि चुनौती हुन्छ । असफललाई कसरी सफल बनाउँदै लैजाने जाने भन्ने चुनौती हुन्छन् भने सफल भएकालाई कसरी सफल भइरहने र नयाँ नयाँ कुरा सिक्ने भन्ने चुनौती हुन्छ। सफल वा असफल हुनमा उनीहरुको नीतिगत, रणनैतिक, कार्यक्रम, कार्यान्वयन, अनुगमन, मूल्यांकन लगायत पक्रिया र नेतृत्वको पनि समस्या हुन सक्छ । यसैगरी कार्यान्वयनमा तदारुकता, जिम्मेवारी बोध र पेशागत समर्पणले असर गर्छ ।

प्रशासनिक प्रणालीले योजना निर्माण, कार्यान्वयन, अनुगमन, पुनरावलोकनदेखि मूल्यांकनसम्मको समग्र चरणमा फरक पार्दछ किनकि नीतिकै आधारमा प्रशासन चलेको हुन्छ । यसमा सूचना प्रणालीको विषय पनि उत्तिकै चुनौतीपूर्ण छ ।

समग्रमा एउटा विद्यालय सफल हुनको लागि नीति, विधि, नेतृत्व, रणनैतिक सोच, योजना, नेतृत्व शैली, प्रशासनिक प्रणाली र शिक्षक-कर्मचारीको ज्ञान, सीप, क्षमताले असर गर्छ । पेशा र कार्यस्थलप्रतिको सकारात्मक दृष्टिकोण, तत्परता, नियमितता एवं समर्पण भावले सफल हुने कि नहुने कुराको निर्धारण गर्छ ।

कुनैपनि व्यक्ति वा संगठन सफल हुनु भनेको स्थिर कुरा होइन । हिजोको सफल विद्यालय आज असफल र आजको असफल विद्यालय भोलि सफल पनि हुन सक्छ । त्यसैले यो सफलता गन्तव्य नभई सम्पूर्ण विद्यालय समूहको अनवरत सहयात्रा हो । यसमा विद्यालयलाई संस्थागत बनाउने, सँधैभरि एक अर्काबाट सिक्ने र सिकाउने, विद्यालयका शिक्षक तथा कर्मचारीहरुले विद्यार्थीलाई माया, हेरचाह र उनीहरुको जीवनका लागि चाहिने गुणहरु सिकाउनमा जिम्मेवार, जवाफदेही हुनुपर्छ। शिक्षक आफ्नो पेसाप्रति इमान्दार हुने कुराले विद्यालय सफल, असफल वा यथास्थितिमा रहने भन्ने कुराको निर्धारण गर्छ ।

*लेखक सैनिक आवासीय महाविद्यालय, मङ्गलगढी सुर्खेतका प्रिन्सिपल हुन् ।*

*(स्रोतः अनलाईनखबर)*

# चन्द्रोदयमा अभिभावक भेला

समाज संवाददाता

हेटौंडाः हेटौंडा-८, बहादुरगन्जस्थित चन्द्रोदय माध्यमिक विद्यालयको अभिभावक भेला भएको छ । शनिबार विद्यालय परिसरमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कुलप्रसाद पौडेलको सभाध्यक्षता तथा बागमती प्रदेशका श्रम, रोजगार तथा यातायात मन्त्री एकालाल श्रेष्ठको प्रमुख आतिथ्यमा अभिभावक भेला भएको हो ।

शनिबारको अभिभावक भेलाले ३ वर्षे कार्यकालका लागि ९ सदस्यीय विद्यालय व्यवस्थापन कार्यसमिति चयन गर्ने विद्यालयका प्रधानाध्यापक जिधराज ढकालको बताउनुभयो। अभिभावकमध्येबाट कम्तिमा दुईजना महिलासहित ४ जना सदस्य चयन गर्नेछ। अभिभावक भेलाको अवसरमा विद्यार्थीहरुले नृत्य तथा गायन कला प्रस्तुत गरेका थिए। भेलामा बागमती प्रदेश सामाजिक विकास मन्त्रालयका सचिव रामशरण सापकोटा, ८ नम्बर वडा अध्यक्ष राम थापा, विद्यालयका शिक्षक, कर्मचारी, अभिभावक, विद्यार्थीको उपस्थिति रहेको थियो ।

# विवेकशील साझामा समीक्षा अध्यक्ष, रञ्जु महासचिव

काठमाडौंः विवेकशील साझा पार्टीको अध्यक्षमा समीक्षा बाँस्कोटा चयन भएकी छन् । शुक्रबार र शनिबार चलेको पहिलो महाधिवेशनले बाँस्कोटालाई सर्वसम्मत अध्यक्ष चयन गरेको निर्वाचन समितिका संयोजक केशव दाहालले जानकारी दिए । त्यस्तै उपाध्यक्षमा प्रकाशचन्द्र परियार, मिलन पाण्डे र बिमला अधिकारी पनि सर्वसम्मत चयन भएका छन् ।

महासचिवमा रञ्जु दर्शना, सचिवमा पवित्रा थापा, विमल तामाङ र समुन्द्र केसी र कोषाध्यक्षमा दामोदर नेपाल पनि सर्वसम्मत चुनिएका संयोजक दाहालले जानकारी दिए। विवेकशील साझा पार्टीमा ५१ सदस्यीय केन्द्रीय कार्यसमिति रहने व्यवस्था छ । जसमध्ये सात प्रदेशबाट समावेशी सिद्धान्तका आधारमा चयन हुने २/२ जना, महिला ५ जना जनसंगठनबाट चयन हुने २ जना गरी २१ जना चयनका लागि शनिबार नै निर्वाचन हुनेछ । बाँकी २१ जनामध्ये ८ जना अहिलेलाई खाली राख्ने र १३ जना केन्द्रीय समितिले पछि मनोनित गर्ने निर्वाचन समिति संयोजक केशव दाहालले जानकारी दिए । *स्रोतः अनलाइनखबर ।*

सम्पूर्ण विश्वसनीय स्थानीय समाचार र विचारका लागि
www.samriddhasamaj.com.np

# चुरे संरक्षणमा चुनौती बन्दै क्रसर उद्योग

धनुषाः वन, वनस्पतिलगायत जैविक विविधताका दृष्टिकोणले समृद्ध मानिने चुरे शृंखलाबाट बग्ने नदीनालाको अत्यधिक दोहनले चुरे क्षेत्रको संरक्षण चुनौतीपूर्ण बन्दै गएको छ । जथाभावी रुपमा ढुंगा, गिट्टी र बालुवा उत्खनन गरेपछि चुरे जोखिममा परेको हो ।

समुद्री सतहदेखि ६१० मिटरदेखि एक हजार ८७२ मिटरसम्मको भू-क्षेत्र चुरे क्षेत्र हो । नेपालको दक्षिणी भागमा पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म फैलिएको, कमजोर र पत्रे चट्टानले बनेको भू-भाग नै चुरे हो। चुरेले सातै प्रदेशका ३७ जिल्लाको १८ लाख ९६ हजार दुई सय ५१ हेक्टर ओगटेको छ ।

चुरे जैविक र प्राकृतिक दृष्टिकोणले महत्वपूर्ण र उपयोगी छ । हावापानी समशीतोष्ण भएकै कारण चुरेमा विभिन्न वन्यजन्तुका साथै साल, सिसौ, खयर, अमला, हर्रो, बर्रोलगायत औषधिजन्य बिरुवा प्रशस्त पाइन्छन्। जैविक विविधता तथा प्राकृतिक सम्पदाले धनी मानिएको चुरे कमजोर भू-बनोटका कारण संवेदनशील क्षेत्रका रूपमा चिनिन्छ ।

बढ्दो जनघनत्वका कारण वन पैदावारमा अत्यधिक चाप बढेपछि चुरे क्षेत्रमा वन विनाश बढेको छ । क्षयीकरणले पर्यावरणीय समस्यासमेत देखिएको छ । सरकारले चुरे संरक्षणका लागि प्रत्येक वर्ष लाखौं खर्च गर्ने गरे पनि वन, जंगल र खोला किनारमा अवैधरुपमा क्रसर उद्योग सञ्चालन गर्दा यसको संरक्षणमा चुनौतीपूर्ण बनेको छ । धनुषा र महोत्तरीको सिमानामा पर्ने रातु खोला वरिपरिमात्र पाँच क्रसर उद्योग अवैधरुपमा सञ्चालित छन् ।

सरोकारवाला निकाय यसलाई रोक्न गम्भीर नदेखिँदा वन विनाश अत्यधिक बढेको छ । क्रसर उद्योग सञ्चालकले नदी खोलाबाट जथाभावी ढुंगा, बालुवा र गिट्टी उत्खनन गर्दा तटबन्धसमेत जोखिममा छन् । किसाननगरकी रीता भट्टराई जथाभावी बालुवा झिक्दा तटबन्ध भत्किने खतरा बढेको बताउँछिन् ।

घरेलु तथा साना उद्योग कार्यालयले क्रसर उद्योग सञ्चालन गर्दा तोकेको मापदण्डअनुसार खोला किनार तथा राजमार्गदेखि पाँच सय मिटर टाढा हुनुपर्ने, शिक्षण संस्था, स्वास्थ्य संस्था, सांस्कृतिक पुरातात्विक महत्वका स्थान, सुरक्षा निकाय, वन, निकुञ्ज, आरक्ष र घनाबस्तीदेखि दुई सय मिटर तथा चुरे क्षेत्रदेखि एक किलोमिटर टाढा हुनुपर्ने व्यवस्था गरेको छ। तर सो मापदण्ड पूरा नगरी क्रसर उद्योग सञ्चालनमा छन् । घरेलु तथा साना उद्योग कार्यालयले त्यसतर्फ चासो नदिँदा समस्या भएको स्थानीयवासीको गुनासो छ ।

नदी तथा खोला उत्खनन गरी ढुंगा, गिट्टी र बालुवा जिल्ला बाहिर तथा भारततर्फ निकासी गरिँदै आएको छ । स्थानीय तहले आम्दानीको लोभमा नदी तथा खोला ठेक्का लगाउने गरेका छन् । अन्धाधुन्धरुपमा चुरे उत्खनन गरिएपछि नदी तथा खोलाको बहाव परिवर्तन हुने गरेको छ ।

सामुदायिक वन उपभोक्ता महासंघ मधेस प्रदेशका अध्यक्ष सोमप्रसाद शर्मा चुरेमा जथाभावीरुपमा क्रसर उद्योग सञ्चालन गर्दा तराईमा भू-क्षयको जोखिम बढेको बताउँछन् । 'यसलाई रोक्न ठोस नीति आवश्यक छ। अवैधरुपमा सञ्चालित क्रसर उद्योग तत्काल बन्द गर्नुपर्छ', उनले भने ।

हालै नेपाल वन प्राविधिक संघले चुरे विनाशको सामाजिक र आर्थिक प्रभावबारे अध्ययन अनुसन्धान गरेको छ । पसाहा, भेडाहा, चाँदी, चारनाथ र तावा खोलाको जलाधार क्षेत्रको अध्ययनपछि प्राप्त तथ्यांकअनुसार तावा खोलाको बहावका कारण बर्सेनि सर्वसाधारणले ज्यान गुमाउने गरेका छन् ।

चुरे क्षेत्रका विषयमा विद्यावारीधि गरेका महोत्तरीको भंगहा-७ का डा. विजयकुमार सिंह बस्ती नै सकिने गरी बढेको बाढीको जोखिम निदानका लागि समाधान खोज्नुपर्ने बताउँछन् । चुरेमा अव्यवस्थित बसोबास, विकासका नाममा सडक विस्तार, वैज्ञानिक अध्ययनबिना पहाड भत्काउने, चुरे र नदीमा हुने अनियन्त्रित उत्खननलगायत कारणले वन विनाश बढेको उनले बताए । 'अधिकांश बस्ती जोखिममा छन्', डा. सिंहले भने, 'चुरे संरक्षण नगरे मधेस क्षेत्र डुबानमा पर्छ, उब्जाउ जग्गा मरुभूमिमा परिणत हुनेछ ।' संघ, प्रदेश र स्थानीय तहले चुरे संरक्षणको नीति बनाउनुपर्नेमा उनले जोड दिए ।

महोत्तरीको बर्दिबास नगरपालिकाले जथाभावी उत्खनन रोक्न पहल थालेको छ । नगरप्रमुख प्रल्हाद क्षेत्रीले स्थानीय प्रहरी प्रशासनको सहयोगमा जथाभावी उत्खनन रोक्दै आएको बताए । जिल्लाका १५ स्थानीय तहमध्ये बर्दिबास, भंगाहा र गौशाला क्षेत्रमा अत्यधिक मात्रामा क्रसर उद्योग सञ्चालनमा छन् ।

राष्ट्रपति चुरे तराई-मधेस संरक्षण कार्यक्रमको गुरुयोजना बनाएर काम थालेको आठ वर्षमा सरकारले संरक्षणका लागि १० अर्ब ८१ करोड रुपैयाँ खर्च गरेको छ। चुरे संरक्षणमा आर्थिक वर्ष २०७७/७८ मा एक अर्ब ६० करोड, आव २०७८/७९ मा एक अर्ब ५३ करोड तथा चालु आवमा एक अर्ब ५५ करोड विनियोजन गरेको छ । सरकारले आव २०६६/६७ देखि चुरे संरक्षण कार्यक्रमका लागि खर्च गर्दै आएको छ । विसं २०७१ असार २ गते राष्ट्रपति चुरे-तराई मधेस संरक्षण विकास समिति गठन गरेको थियो ।

*(स्रोतः रासस)*

# राज्यकोषको दोहन बढेको छः अख्तियार प्रमुख राई

काठमाडौंः अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त प्रेमकुमार राईले प्राकृतिक स्रोत उत्खनन र राज्यकोषको दोहन पछिल्लो समय बढेको बताएका छन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ३२ औं स्थापना दिवसमा बोल्दै उनले राज्य कोषको दुरुयोग रोक्न आफूहरु सक्रिय भएको बताएका छन्।

'प्राकृतिक स्रोत, खासगरी ढुंगा, गिट्टी, बालुवाको अनुचित उत्खनन तथा दोहन गर्ने कार्यलाई नियन्त्रण गर्न जरुरी छ', उनले भने- 'यसरी यी क्षेत्रमा हुने र भइरहने अनुचित दोहन, अनियमितता र मस्यौट उपर आयोग निर्भिक तवरले लागि परेको व्यहोरासमेत जानकारी गराउन चाहन्छु ।'

सरकारी कोषबाट नियमित अनुदान लिई कागजीरुपमा मात्र सञ्चालन भएको देखाउने तर कार्यस्थलमा अस्तित्वसम्म पनि नभेटिने विषयको छानबिन र कारबाहीलाई अझै प्रभावकारी बनाउने राईले बताएका छन् । राजस्व चुहावट, चोरी, निकासी, पैठारी, न्यून विजकीकरण तथा राजस्व छलीजस्ता घटना बढेको भन्दै प्रमुख आयुक्त राईले यसलाई रोक्न राजस्व प्रशासनमा सुधार र राजस्वका नयाँ क्षेत्रको पहिचान र विस्तारका लागि सम्बद्ध निकायहरु सक्रिय हुनुपर्ने बताएका छन् ।

तीनै तहका सरकारबाट स्रोतको सुनिश्चितता र पर्याप्त पूर्वतयारी नहुँदै ठेक्का लगाइएका कतिपय महत्वपूर्ण आयोजना अलपत्र परेको भन्दै प्रमुख आयुक्त राईले ती आयोजनाहरू बर्षौं वर्षसम्म पनि पूरा नभई रुग्ण हुनुमा जिम्मेवार अधिकारीलाई कारबाहीको दायरमा ल्याउनुपर्ने बताए ।

प्रमुख आयुक्त राईले विकास साझेदारहरुबाट प्राप्त वैदेशिक सहायताको प्रभावकारी परिचालन हुन नसकेको भन्दै विकासका पूर्वाधारहरुको निर्माणमा बर्षेनि ठूलो रकम खर्च भएपनि गुणस्तर कायम हुन नसकेको र यिनीहरुको दिगो व्यवस्थापन गर्न नसक्दा स्रोतको दुरुपयोग बढेको बताएका छन्। सरकाररी निकायले हतारमा पूर्वाधार निर्माण गर्ने, विभिन्न यन्त्र उपकरण खरिद गर्ने, तर उपयोगमा नल्याउने कार्य गर्दा केही वर्षमै ती संरचना खण्डहरमा परिणत हुने र उपकरण काम नलाग्ने अवस्थामा पुगेको पाइएको पनि राईले बताएका छन् ।

'आवश्यकताको अध्ययन नगरी, पूर्वतयारीबिना पूर्वाधार निर्माण र यन्त्र उपकरण खरिद गर्दा राज्यकोषको दुरुपयोग र दोहन बढेको छ', उनले भने, 'तसर्थ, यस प्रकारका काम माथि आयोगले सूक्ष्म निगरानी र अनुसन्धान गरिरहेको हुँदा त्यस्ता कार्यमा संलग्न पदाधिकारीलाई समेत अनुसन्धानको दायरामा ल्याइनेछ ।'

*(स्रोतः अनलाइनखबर)*

हेटौंडा रिफरेन्स ल्यावरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी,
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७



## शहीद स्मृति मकवानपुर गोल्डकप

# घरेलु टोली मकवानपुर-११ को विजयी सुरुवात



*बल हस्तान्तरण गरेर प्रतियोगिताको सुरुवात गर्नुहुँदै नगर प्रमुख लामा ।*

समाज संवाददाता

हेटौंडाः पाँचौ संस्करणको स्थानीय तह शहीद स्मृति अन्तर्राष्ट्रिय मकवानपुर गोल्डकप फुटबल प्रतियोगिता सुरु भएको छ। हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मिना कुमारी लामाले शनिबार प्रतियोगिताको उद्घाटन गर्नुभयो ।

हेटौंडा-५, पिप्लेस्थित क्याम्पा रंगशालामा सुरु प्रतियोगिताको उद्घाटन खेलमा घरेलु टोली मकवानपुर-११ ले विजयी सुरुवात गरेको छ । सिमराको नवजागृति युवा क्लबलाई २-० गोलले हराउँदै मकवानपुरले विजयी सुरुवात गरेको हो । मकवानपुरका लागि प्रितम स्याङ्बो र फागुराम चौधरीले १-१ गोल गरे । दुवै गोल पहिलो हाफमा भएको हो । मकवानपुरले अब क्वाटरफाइनलमा फ्रेन्ड्स क्लबसँग खेल्नेछ । प्रतियोगिता अन्तर्गत आज आइतबार ए डिभिजन क्लब सातदोबाटो क्लब र मनाङमर्स्याङ्दीबीच प्रतिस्पर्धा हुनेछ। प्रतियोगिताको फाइनल खेल फागुन १० गते हुनेछ ।

प्रतियोगितामा १२ वटा टिम सहभागी छन्। समूह ए मा नेपाल एपीएफ, हिमालयन शेर्पा क्लब, बीरगन्ज युनाइटेड, एनआरटी फुटबल क्लब, बागमती युवा क्लब र एभिनियर एफसी रहेको छ भने समूह बी मा फ्रेण्ड्स क्लब, नवजागृति युवा क्लब, रिगल रिसोर्ट हेटौंडा मकवानपुर-११, सातदोबाटो क्लब, मनाङ मर्स्याङ्दी क्लब र त्रिभुवन आर्मी क्लब रहेको छ ।

प्रतियोगिताको उपाधि विजेताले १५ लाख रुपैयाँ र उपविजेताले १० लाख रुपैयाँ प्राप्त गर्नेछ । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले नगद ५० हजार रुपैयाँ प्राप्त गर्नेछन् भने विधागत उत्कृष्ट खेलाडीहरुले २५-२५ हजार रुपैयाँ प्राप्त गर्नेछन् । मकवानपुर जिल्ला फुटबल संघका अध्यक्ष टीका लामाको सभाध्यक्षमा भएको प्रतियोगिताको उद्घाटन कार्यक्रम हेटौंडा उपमहानगरपालिकाका उपप्रमुख राजेश बानियाँ, निवर्तमान नगर प्रमुख हरि बहादुर महत लगायतको उपस्थिति रहेको थियो ।

# शिक्षक संघको नयाँ समिति सर्वसम्मत



समाज संवाददाता

हेटौंडाः नेपाल शिक्षक संघ मकवानपुरको नयाँ समिति सर्वसम्मत निर्वाचित भएको छ । शनिबार बिहान सम्पन्न निर्वाचन प्रक्रियाबाट हेटौंडा-२ स्थित सिद्धार्थ माविका द्वितीय श्रेणीका निमावि अंग्रेजी विषय शिक्षक गणेशप्रसाद हुमागाईको अध्यक्षतामा सर्वसम्मत नयाँ समिति चयन भएको हो ।

नवौं अधिवेशनबाट ४ वर्षे कार्यकालका लागि उपाध्ययक्षमा उमा कोइराला र केशवप्रसाद देवकोटा, सचिबमा श्रीराम लुइँटेल र धनबहादुर लामा सह-सचिबमा राजु रेग्मी, निर्मला तिमल्सिना, सुभद्रा लम्साल, मोहनराज लामा र देवेन्द्रप्रसाद यादव चयन हुनुभएको छ ।

सदस्यमा तीर्थमाया कोइराला, लक्ष्मी शिवाकोटी, रुपा कुमारी दाहाल, धनन्जय प्रसाद यादव, ध्रुवराज बिष्ट, गणेश धिताल र श्रीबहादुर राई चयन हुनुभएको छ । संघीय प्रतिनिधिमा श्वेता कोइराला, सुभद्रा अधिकारी, रामकुमार अधिकारी, राजु गौतम, राजेश घिमिरे र शम्भुप्रसाद बर्तौला चयन हुनुभएको छ । यस्तै प्रदेश प्रतिनिधिमा सकुन्तला कुमारी ब्लोन, इन्दिरा लुइँटेल, रामसागर गुरागाईं, ज्ञानेन्द्र बर्तौला, रेवतीरमण पहाडी र माधवप्रसाद गौतम चयन हुनुभएको छ। नेपाली काँग्रेस बागमती प्रदेश समितिका सभापति इन्द्रबहादुर बानियाँको प्रमुख आतिथ्यमा शुक्रबार उद्घाटन कार्यक्रम भएको थियो ।

# विभिन्न घटनामा ३ जनाको मृत्यु, ३ जना घाइते

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशका विभिन्न जिल्लामा भएका घटनामा ३ जनाको मृत्यु भएको छ। घटनामा ३ जना घाइते भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ ।

काभ्रपलाञ्चोक जिल्लाको बनेपा नगरपालिका-५ मा एकजना महिला मृत भेटिएका छन्। सोही ठाउँ बस्ने ५२ वर्षीया पवित्रा श्रेष्ठ आफ्नै घरमा मृत भेटिएको इलाका प्रहरी कायालय बनेपाले जनाएको छ।

श्रेष्ठ मृत अवस्थामा रहेको खबर प्राप्त हुनासाथ प्रहरी टोली घटनास्थल पुगेको थियो । श्रेष्ठ आफ्नै घरमा सुतिरहेको ठाउँमा मृत अवस्थामा भेटिएको प्रहरीले जनाएको छ । घटना बारे थप अनुसन्धान भइरहेको प्रहरीको भनाइ छ ।

रामेछाप जिल्लाको रामेछाप नगर पालिका-४, तिलबारीमा रुखबाट लडी एकजना घाइते भएका छन्। घाइते हुनेमा सोही ठाउँ बस्ने ७० वर्षकी मनकुमारी बिक रहेको प्रहरी चौकी साँघुटारले जनाएको छ । बिहान १० बजेको समयमा रुखबाट घाँस झार्ने क्रममा लडेर घाइते भएकी बिकलाई उपचारका लागि जिल्ला अस्पताल ल्याइएको प्रहरीले जनाएको छ ।

दोलखा जिल्लाको कालिञ्चोक गाउँपालिका-४, तल्लोटोलमा भिरबाट लडेर एक जनाको मृत्यु भएको छ। बिहीबार राति पूजामा गएको समयमा भिरबाट लडी कालिञ्चोक-४, तल्लोटोल बस्ने ५१ वर्षीय लीलाबहादुर सुनुवारको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय कालिञ्चोकले जनाएको छ ।

सुनुवार राति ८ बजे छिमेकीको घरमा पूजामा गएकोमा घर फर्की नआएकाले आफन्तले खोजतलास गर्ने क्रममा घरदेखि ३०० मिटर पर ओखलढुंगे भिरबाट लडी मृत अवस्थामा रहेको खबर प्राप्त भएपछि बिहीबार राति ११ बजेर ३० मिनेटको समयमा प्रहरी घटनास्थल पुगेको थियो । मुचुल्कापश्चात् लासलाई पाष्टमार्टमका लागि जिल्ला अस्पताल लगिएको प्रहरीले जनाएको छ ।

दोलखाकै भीमेश्वर नगरपालिका-२, तिखातलमा सवारी दुर्घटना हुँदा २ जना घाइते भएका छन् । चरिकोटबाट सिंगटी जाँदै गरेको प्रदेश नं. ३ ०२-००६ प ६३९२ नम्बरको मोटरसाइकल आफैं अनियन्त्रित भई पल्टिँदा मोटरसाइकलमा सबार २ जना घाइते भएका हुन् ।

घाइते हुनेमा सुर्खेत जिल्लाको भेरी नगरपालिका-१, बसेरी बस्ने २३ वर्षीय मोटरसाइकल चालक नवीन पुलामी र पछाडि सवार बाँके जिल्लाको कोहलपुर नगरपालिका-२ बस्ने २८ वर्षीय युवराज मगर रहेको इलाका प्रहरी कार्यालय भीमेश्वरले जनाएको छ । पुलामीको अवस्था मध्यम रहेको र मगरको अवस्था सामान्य रहेका दुबैलाई उपचारका लागि जिल्ला अस्पताल लगिएको प्रहरीले जनाएको छ । मोटरसाइकल प्रहरीको नियन्त्रणमा रहेको र घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरी जानकारी दिएको छ ।

यस्तै, सिन्धुलीको गोलन्जोर गाउँपालिका-३ सान्नेमा बिहेबाट फर्किने क्रममा बाटोमा लडी एकजनाको मृत्यु भएको छ । मृत्यु हुनेमा सोही स्थान बस्ने कृष्णबहादुर थापा मगर रहेको प्रहरीले बताएको छ ।

थापा बिहेमा गई फर्किने क्रममा बाटोमा लडी मृत्यु भएको खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय खुर्कोटबाट प्रहरी खटिएको थियो । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# प्रदेशस्तरीय विज्ञान प्रदर्शनीमा भीमफेदीको महेन्द्र मावि द्वितीय




समाज संवाददाता

हेटौंडाः प्रदेशस्तरीय विज्ञान प्रदर्शनी प्रतियोगितामा मकवानपुर जिल्लाको भीमफेदी गाउँपालिका-६ मा रहेको महेन्द्र माध्यमिक विद्यालय द्वितीय हुन सफल भएको छ । शनिबार शिक्षा विकास निर्देशनालय बागमती प्रदेश हेटौंडाको आयोजनामा भएको प्रतियोगितामा सहभागी ११ विद्यालयमध्ये महेन्द्र माध्यमिक विद्यालय द्वितीय भएको हो ।

मकवानपुरबाट ९ वटा पालिकाका विद्यालयले जिल्लास्तरीय विज्ञान प्रदर्शनी कार्यक्रममा सहभागी भएको भीमफेदी गाउँपालिकाका शिक्षा शाखा प्रमुख प्रदीप पराजुलीले जानकारी दिनुभयो । जिल्लास्तरीय प्रतियोगितामा मकवानपुर जिल्लाबाट छनौट भई महेन्द्र माध्यमिक विद्यालयले प्रदेशस्तरीय प्रतियोगितामा सहभागी जनाएको उहाँले बताउनुभयो । मकवानपुरको कैलाश गाउँपालिका भने जिल्लास्तरीय प्रतियोगितामा सहभागी नभएको शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरका अधिकृत उन्नति ढकालले बताउनुभयो ।

विज्ञान प्रदर्शनीमा दोलखा जिल्लाको मेलुङ-६ मा रहेको त्रिभुवन माध्यमिक विद्यालय प्रथम भएको छ। काभ्रेपलाञ्चोक जिल्लाको नमोबुद्ध-४ मा रहेको जनक सकेन्डरी स्कूल तृतीय भयो भने सिन्धुली जिल्लाको घ्याङ्लेख-१ मा रहेको श्री माध्यमिक विद्यालय सान्त्वना हुन सफल भएका छन्। प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुनेलाई क्रमशः १५ हजार रुपैयाँ, १३ हजार रुपैयाँ, १० हजार रुपैयाँ र ५ हजार रुपैयाँ नगद पुरस्कार प्रदान गरिएको शिक्षा विकास निर्देशनालय हेटौंडाका निर्देशक पूर्णबहादुर दर्जीले जानकारी दिनुभयो ।

प्रतियोगितामा मकवानपुर जिल्लाको भीमफेदी गाउँपालिका-६ मा रहेको महेन्द्र माध्यमिक विद्यालय, सिन्धुली जिल्लाको घ्याङ्लेख-१ मा रहेको श्री माध्यमिक विद्यालय, काठमाडौं जिल्लाको पुरानोकालीमाटी-१३, बाफलमा रहेको ज्ञानोदय माध्यमिक विद्यालय, काभ्रेपलाञ्चोक जिल्लाका नमोबुद्ध-४ मा रहेको जनक सेकेन्डरी स्कूल सहभागी भएका थिए। यस्तै, भक्तपुर जिल्लाको अक्सफोर्ड प्राक्टिकल स्कूल, सिन्धुपाल्चोक जिल्लाको फलेफी-४ मा रहेको सेतीदेवी माध्यमिक विद्यालय, धादिङ जिल्लाको ज्वालामुखी-५ मा रहेको त्रिपुरासुन्दरी माध्यमिक विद्यालय, चितवन जिल्लाको भरतपुर-१० मा रहेको नारायणी नमुना माध्यमिक विद्यालय, नुवाकोट जिल्लाको ककनी-६ मा रहेको नवजीवन माध्यमिक विद्यालय सहभागी भएका थिए ।

निर्देशक दर्जीको सभाध्यक्ष तथा सामाजिक विकास मन्त्रालय बागमती प्रदेशका सचिव रामशरण सापकोटाको प्रमुख आतिथ्यमा प्रतियोगिता भएको हो । कार्यक्रममा प्रमुख अतिथि सापकोटाले यस्ता प्रदर्शनीले विद्यार्थीको शिक्षण सिकाइमा सहयोग पुग्ने बताउनुभयो । युवालाई वैज्ञानिक बनाउनसमेत प्रतियोगिताले सहयोग पुगेको उहाँको भनाइ छ ।

बागमती प्रदेशका १३ जिल्लामध्ये ११ जिल्लामात्र प्रतियोगितामा सहभागी भएका छन् । ललितपुर र रामेछाप जिल्लाका विद्यालय भने सहभागी जनाएको भएनन् । विद्यालयमा एसईईको अभ्यास परीक्षा सञ्चालन भएका कारण २ जिल्लाका विद्यालयका विद्यार्थीले सहभागी जनाउन नसकेको निर्देशक दर्जीको भनाइ छ। एक सय १९ पालिकामा पालिकास्तरीय विज्ञान प्रदर्शनी कार्यक्रम भएको थियो । सोहीअनुरुपमा जिल्लास्तरीयबाट छनौट भई आएका विद्यालयमात्र प्रदेशस्तरीय विज्ञान प्रदर्शनी कार्यक्रममा सहभागी भए उहाँको भनाइ छ

# कक्षा ८ को परीक्षा मिति तोकियो

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका आधारभूत तह (कक्षा ८) उत्तीर्ण परीक्षा समितिको माघ २४ गते बसेको बैठकले परीक्षा सञ्चालन गर्ने निर्णय गरेको छ । समितिले हेटौंडा उपमहानगरपालिकाअन्तर्गत् आधारभूत तह (कक्षा ८) सञ्चालन भएका सामुदायिक तथा संस्थागत विद्यालयहरुको शैक्षिक सत्र २०७९ को परीक्षा सञ्चालन गर्न लागेको हो ।

बिहीबार परीक्षा तालिका सार्वजनिक गर्दै समितिले चैत ९ गतेदेखि १९ गतेसम्म परीक्षा सञ्चालन हुने उल्लेख गरेको छ । परीक्षाको पहिलो दिन चैत ९ गते अंग्रेजी, १० गते नेपाली, १२ गते गणित र १३ गते विज्ञान तथा वातावरण विषयको परीक्षा हुनेछ। यस्तै, १४ गते सामाजिक अध्ययन तथा जनसंख्या शिक्षा, १५ गते स्वास्थ्य तथा शारीरिक शिक्षा, १६ गते नैतिक शिक्षा, १७ गते पेसा, व्यवसाय र प्रविधि शिक्षा र अन्तिम दिन १९ गते स्थानीय/कम्प्युटर विषयको परीक्षा हुनेछ ।

# भीरबाट लडेर मृत्यु

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्लाको ईन्द्रसरोवर गाउँपालिकामा बिहे भोज खाएर घर फर्कने क्रममा एकजनाको भीरबाट लडेर मृत्यु भएको छ। शुक्रबार राती ११ बजेको समयमा इन्द्रसरोवर गाउँपालिका-२, डाँडाघरका ५३ वर्षीय तीर्थ लामाको भीरबाट लडेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

छिमेकीको बिहेमा सहभागी भई घर फर्किने क्रममा भीरबाट करिब ४० मिटर तल खसी मृत्यु भएको भन्ने खबर प्राप्त भएपछि शुक्रबार राती नै साढे १ बजे प्रहरी घटनास्थलमा पुगेको थियो । घटनाका बारेमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको जनाएको छ ।

# बालजागृतिका विद्यार्थीको स्वास्थ्य परीक्षण

समाज संवाददाता

हेटौंडाः हेटौंडा-६, गौरीटारमा रहेको बालजागृति युवावर्ष माध्यमिक विद्यालयका विद्यार्थीको स्वास्थ्य परीक्षण गरिएको छ । शुक्रबार भएको वृहत् निःशुल्क स्वास्थ्य शिविरबाट विद्यार्थीले स्वास्थ्य सेवा लिएका हुन् ।

हेटौंडा उपमहानगरपालिका ६ नम्बर वडा कार्यालय र चौघडा स्वास्थ चौकीको सहकार्यमा भएको शिविरबाट १ सय ९६ जना विद्यार्थीले स्वास्थ्य सेवा लिएका छन् । १०८ जनाले दन्त सेवा र ८८ जनाले हाडजोर्नी तथा नशासम्बन्धी सेवा लिएको विद्यालयका प्रधानाध्यापक सम्झना अधिकारीले जानकारी दिनुभयो ।

दन्तरोग विशेषज्ञ डा. मोहम्मद आरिफ करिम र फिजियोथेरापिष्ट डाक्टर आशीष सुवेदीले स्वास्थ्य परीक्षण गर्नुभएको थियो । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कुमार तिमल्सिनाको सभाध्यक्ष तथा हेटौंडा उपमहानगरपालिकाका उपमेयर राजेश बानियाँको प्रमुख आतिथ्य रहेको थियो । यस्तै, स्थानीय बासिन्दाहरुले पनि उक्त शिविरबाट स्वास्थ्य सेवा लिएका छन् ।

## पत्रकार हुने अवसर







कक्षा १२ उत्तीर्ण गरी स्नातक तह अध्ययरत पत्रकारिता विषयमा रुचि, चासो र काम गर्ने इच्छा भएका व्यक्तिले हेटौंडालाई केन्द्र बनाई मकवानपुर जिल्लाभित्र समाचार संकलन तथा लेखनको कार्य गर्ने प्रशिक्षार्थी पत्रकारको रुपमा काम गर्नका लागि आवेदन आव्हान गरिन्छ । तीन महिनाको प्रशिक्षणपश्चात कार्यसम्पादन मूल्यांकनका आधारमा रोजगारीको अवसर समेत रहने छ। कक्षा ११ र १२ मा पत्रकारिता तथा आमसञ्चार विषय नै अध्ययन गरेकालाई ग्राह्यता दिइनेछ ।

सम्पर्क

समृद्ध समाज दैनिक

हेटौंडा-४, मकवानपुर

९८५५०-६८२२७

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ